# पवित्र आत्माको ईश्वरीय निन्दा
# र
# पाप माथि मृत्यु

Notes by Franklin

**मत्ती १२:२४**
तर यो सुनेर फरिसीहरुले भने,"यस मानिसले भूतको मालिक बालजिबुलद्वारा मात्र भूतहरुलाई धपाउँछ ।"
फरिसीहरुले भने कि येशुले जे गर्नुभयो त्यो खराब आत्मा वा शैतानबाट गर्नुभयो नताकि पवित्र आत्माबाट ।

**मत्ती १२:२८**
तर यदि **परमेश्वरको आत्माद्वारा** म भूतहरु धपाउँछु भने परमेश्वरका राज्य तिमीहरुमा आइसकेको छ ।

येशुले भन्नुभयो कि परमेश्वरको आत्माद्वारा उहाँले भूतहरुलाई धपाउँनु भयो । तसर्थ, तिनीहरुले परमेश्वरको आत्मालाई शैतान भनिरहेछन् ।

मत्ती १२: ३१–३२
त्यसैकारण म तिमीहरुलाई भन्दछु, मानिसहरुले गरेको हरेक पाप र ईश्वर निन्दा–क्षमा हुनेछ, **तर पवित्र आत्माको विरुद्धमा गरिएको निन्दा क्षमा हुनेछैन** । कसैले मानिसको पुत्रको विरुद्धमा केही भन्यो भने त्यसलाई क्षमा हुनेछ, तर कसैले पवित्र आत्माको विरुद्धमा बोल्यो भने त्यसलाई **यस युगमा र आउने युगमा** पनि क्षमा हुनेछैन ।

पवित्र आत्माको कामलाई शैतानको काम भन्नाले नै पाप गरिन्छ ।

तुलना मर्कुस ३: २८–३० साँच्चै, म तिमीहरुलाई भन्दछु, मानिसहरुका सबै पाप र ईश्वर–निन्दा क्षमा गरिनेछन्, तर पवित्र आत्माको विरुद्धमा निन्दा गर्नेलाई कदापि क्षमा हुनेछैन, तर त्यो अनन्त पापकर्मको दोषी ठहर्छ । उहाँले यो वचन भन्नुभयो, किनकि "उसमा अशुद्ध आत्मा छ" भनी तिनीहरुले भनेका थिए ।

- उनीहरुले पवित्र आत्मालाई शैतान भन्दैछन् ।

1. येशुले पवित्र आत्माको लागि उहाँको आस्था र महिमा व्यक्त गर्नुभयो ।

2. कुनै व्यक्ति **जसले विश्वास गर्छ**–ऊ फेरि जन्मिएको हुन्छ–पवित्र आत्मा "उनी भित्र" हुनुहुन्छ र उनीसंग आत्मिक समझदारी हुन्छ । यो संदिग्ध छ कि यो मान्छेले जानी जानी, पूर्ण मनसायका साथ यो गर्दछ, ईश्वरीय निन्दा र पवित्र आत्मालाई शैतान भन्दछ ।

3. एक**अविश्वासी व्यक्तिले** येशुको निन्दा गर्ला, जसको क्षमा दिइन्छ, तर यो चाहिँ दुर्लभ भेटिन्छ कि पवित्र आत्माको बारेमा कुनै अविश्वासीले जानेको हुन्छ, र पवित्र आत्माको विरुद्धमा जानी जानी खराब बोल्दछ ।

4. अविश्वासीहरुले खराब बोल्छन् र परमेश्वरको निन्दा गर्छन् : (१) विश्वासीहरुको (२) येशूको (३) र परमेश्वरको, तर कहिल्यै, सदैब, पवित्र आत्माको गर्दैनन् ।

उदाहरण : **पावल एक परमेश्वरको निन्दा गर्ने व्यक्ति थिए ।** १ तिमोथी १:१२–१४
मलाई सामर्थ्य दिनुहुने ख्रीष्ट येशू हाम्रा प्रभुलाई म धन्यवाद दिन्छु, किनभने आफ्नो सेवामा नियुक्त गरेर उहाँले मलाई विश्वासयोग्य ठान्नुभयो । **अगाडि मैले निन्दा** गरे, खेदो गरे र उहाँको अपमान गरें, तर **मैले यी अज्ञान र अविश्वासमा गरेको हुनाले** मैंले कृपा पाएँ ।

पावलले जहाँसम्म विश्वासीहरुको र येशूको निन्दा गरेको हुनुपर्छ, नताकि पवित्र आत्माको । र त्यसैले गर्दा उनले क्षमा पाएँ ।

तलका नोटहरु बारनेसबाटका हुन् :
मत्ती १२:३१–३२ मा, र मर्कूस ३:२८–३० मा, येशूले घिनलाग्दो पापको बारे बताउँनुभयो जो उनीहरुले पवित्र आत्मा विरुद्ध गरेकोमा दोषी थिए । यसमा येशुलाई शैतानको समुहको हो भनेर आरोप लगाउनु, वा उहाँको अचम्मको कार्य परमेश्वरको "आत्मा" वा "शक्ति"बाट होइन तर शैतानका राजकुमारको सहायताबाट हो भन्नु थियो । तसर्थ यो सिधै गाली गर्नु, निन्दा गर्नु, वा पवित्र आत्माको विरुद्धमा खराब बोल्नु थियो–जुन आत्माद्वारा येशुले उहाँका अचम्मका कार्यहरु गर्नुभयो ।

यो नै उहाँले यस पापबाट , यो समयमा, मर्कूसबाट स्पष्ट भनिएको छ ३:३० "उसमा अशुद्ध आत्मा छ ।" अरु सबै पाप–मुक्तिदाताको विरुद्धमा सबैले भने–त्यो क्षमा हुनसक्छ । तर यो पाप स्पष्ट रुपमा नै पवित्र आत्माको विरुद्धमा थियो; यो दोष लगाइयो कि परमेश्वरको महान्  दया र शक्तिको कार्यलाई शैतानको कार्य भनियो; र उनीहरुले बहस गरे,तसर्थ यो उनीहरुको विचारको गहिरो दुराचारी हो । तसर्थ उहाँ जो पापको बारे भन्दैहुनुहुन्छ यसले स्पष्ट छ । त्यो चाहिँ उहाँका अचम्मका कार्यहरुलाई शैतानको राजकुमारको सहायताले गरेको भन्नु, यसकारण पवित्र आत्माको अनादर गर्नुहो ।

यो तोक्न एकदमै कठिन छ कि एउटा मानिसले आज पाप गरेको छ ।

यो पाप गर्न, के एउटा मानिसले सिधै येशूसंग बोल्नुपर्छ ? येशुसंग त्यो भन्नु नै उहाँ को हुनुहुन्छ इन्कार गर्नु हो ।

**के** साँच्चो विश्वासीको बारेमा त्यही कुरा भन्नु कि येशूको नाममा र पवित्र आत्माको शक्तिमा शैतानलाई धपाउँनु पनि "यो युग र अर्को युगमा क्षमा योग्य छैन ?"म व्यत्तिलगत रुपमा त्यस्तो सोच्दिनँ । उनीहरुले येशु को हुनुहुन्छ इन्कार गरिरहेका छैनन्, तर यो इन्कार गरिरहेछन् कि विश्वासी परमेश्वरबाट र उहाँको अधिकारमा पठाइएको हो । आजपनि सच्चा समर्पित विश्वासीहरु छन् जो

भन्छन् कि यी र अरु वरदानहरु र पवित्र आत्माको सेवकाइहरु शैतानका हुन् । उनीहरु येशूलाई विश्वास गर्छन् तर आजपनि "पवित्र आत्माका केही वरदानहरुमा" विश्वास गर्दैनन् ।

"कार्यहरु" र चमत्कारहरु जो येशूले गर्नुभयो, शैतानको शक्तिले गरेको भन्नाले, येशू को हुनुहुन्छ इन्कार गर्नु हो र उहाँको दैवियतालाई पनि इन्कार गर्नु हो । यहि क्रम अवस्थामा–येशू ख्रीष्ट र उहाँ को हुनुहुन्छ इन्कार गर्नु–शाररीक मृत्यु सम्मै चाहिँ बिना क्षमा मर्नु हो "यस युग र आउने युग ।" उनीहरु उहाँलाई झूठा भनिरहेछन् र पवित्र आत्माको निन्दा गरिरहेछन् जसले उनीहरुलाई सत्यको प्रकाश दिनुभयो ।

मृत्युसम्मै पााप

**१ यहून्ना ५:१६**

यदि कसैले आफ्नो भाइले पाप गरेको देख्छ, अनि **त्यो पापचाहिँमृत्युमा पुऱ्याउने होइन** भने, उसले त्यस भाइको निम्ति परमेश्वरसँग प्रार्थना गरिदिनुपर्छ, र जसको पाप मृत्युमा पुऱ्याउने किसिमको छैन, त्यसलाई परमेश्वरले जीवन दिनुहुन्छ । **तर यस्तो पाप पनि हुन्छ, जो मृत्युमा पुऱ्याउँने हुन्छ,** जसको निम्ति कसैले बिन्ती गरिदिनुपर्छ भनी म भन्दिनँ ।

**यहून्ना भन्दैछन् वा हामीलाई बताउँदैछन् :**

1. महत्वपूर्णता, आवश्यकता, र प्रार्थनाको अधिकार पापको क्षमाको सम्बन्धमा । (याकूब ५:१४–१६)
2. "पाप जो मृत्युसम्मै पुऱ्याउँने हुन्छ ।"म तिमीहरुलाई यो पापको क्षमाका निम्ति प्रार्थना गर भन्दिनँ, किनकि यसबाट केही लाभ हुँदैनँ । तपाई प्रार्थना गर्न सक्नुहुन्छ तर यसको केहि उपलब्धि छैन ।

यो अनुछेदमा यो प्रश्न छ कि :

**"मृत्युसम्मै पुऱ्याउँने पाप" भनेको के हो ?**

"मृत्यु" भन्ने शब्दलाई नयाँ करारमा **तीन प्रकारले** प्रयोग गरिएको छ :

1) **शाररीक** : शरीरको मृत्यु
2) **आत्मिक** : परमेश्वरबाट अलग, एफिसी २:१; यशैया ५९:२
3) **दोस्रो** वा **अन्नतको** मृत्यु : प्रकाश २:११; २०:६,१४; २१:८

**"मृत्युमा पुऱ्याउँने पाप"** चाहिँ बुझ्नलाई एकदम गाह्रो प्रश्न हो । बाइबलका विद्वान्हरुले यसलाई प्रष्ट बुझ्न धेरै कड़ा परिश्रम गरेका छन् । तर यसको अर्थ प्रष्ट छैन् ।

**मृत्युमा पुऱ्याँउने पापशाररीक मृत्यु** होईन जो शरीरमा भएको केही**रोगहरुको**जो पापको कारणले हुँदछ ( यूहन्ना ५:१४) । येशूले चङ्गाईको निम्ति प्रार्थना गर्नुभयो र मरेको मानिस पनि ब्युँत्यो (मत्ती १०:८) र हामीलाई पनि त्यसै गर्न भन्नुभयो । (लुका १०:९; याकूब ५:१४)

**मृत्युमा पुऱ्याँउने पाप आत्मिक मृत्यु** होईन–हामीले त्यसताहरुको लागि प्रार्थना गर्नुपर्छ जो पापमा छन् र जो परमेश्वरबाट अलग र मृत्युमा छन् (एफिसी २:१) जसद्वारा उनीहरु बाँच्न सकून् (२ तिमोथी २:२५–२६)।

**मृत्युमा पुऱ्याँउने पाप**ले यो भन्न खोजिरहेको देखिन्छ :

- **"दोस्रो मृत्यु"** वा **"अनन्त मृत्यु"**–सबै प्रकारको पाप र निन्दा माफ हुनेछ–यस्तो शर्तमा कि उनीहरुले पश्चाताप र विश्वास गर्नुपर्ने छ। यदि उनीहरुले निरन्तर अविश्वासको पाप गरे भनी–उनीहरुलाई क्षमा दिईनेछैन।

यसकारण"मृत्युमा पुऱ्याँउने पाप" र "पवित्र आत्माको निन्दा गर्नु" एउटै हो – जो येशू ख्रीष्ट को हुनुहुन्छ भन्ने सत्यलाई विश्वास नगर्नु हो, तसर्थ उहाँलाई इन्कार गर्नु र त्यसको प्रतिफल क्षमा नपाउनु।
एक व्यक्तिको दोस्रो मृत्यु वा अनन्त मृत्यु जसले येशु ख्रीष्टलाई आफ्नो उद्धारकर्ता भनेर कहिल्यै विश्वास गरेन र उहाँलाई इन्कार गऱ्यो, यसको एउटै अर्थ हुनसक्छ।

- मृत्यु र पाताल अग्नि–कुण्डमा फालिए। यो अग्नि–कुण्ड **दोस्रो मृत्यु** हो। प्रकाश २०:१४

- तर डरपोकहरु, **अविश्वासीहरु**, घिन लाग्दा भएकाहरु, हत्याराहरु, व्यभिचारीहरु, जादूगरहरु, मूर्तिपूजकहरु र झूटा बोल्नेहरु सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो **दोस्रो मृत्यु** हो। प्रकाश २१:८

तरैपनि, उनीहरु निरन्तर अविश्वासमै रहन्छन् भनेर हामीलाई कसरी थाहा हुन्छ ? र उनीहरु नमरुन्जेल हामीले उनीहरुमा सत्यको प्रकाश दिईयोस् भनेर प्रार्थना गर्नुपर्छ, ताकि उनीहरुले विश्वास गर्न सकून् र अनन्त मृत्युमा नपरुन्।

यूहन्नाले भने झैं : म तपाईलाई यो पापलाई क्षमा दिनु भनेर प्रार्थना गर्नुहोस् भनी भनीरहेको छैन, कारण यसबाट केही लाभ छैन। र त्यसैगरी, म तपाईलाई प्रार्थना नगर्नुहोस् पनि भनीरहेको छैन। तपाई प्रार्थना गर्न सक्नुहुन्छ तर यो सम्भव छैन जबसम्म उनीहरुले पश्चाप गर्दैनन्।

यो सन्दर्भ नै यहाँ मलाई सम्भावीय लागिरहेको छ। यदि प्रष्ट छैन भने, तलका विचारहरुबाट :

एउटा पाप नयाँ नियममा उल्लेख गरिएको छ, यस्तो पाप जसको क्षमा छैन "यस युगमा र आउने युगमा पनि क्षमा हुनेछैन।" (मत्ती १२:३१–३२ र मर्कूस ३:२९)

यो सम्भावीय देखिन्छ, यसकारण यहाँ पवित्र आत्माको विरुद्धमा पापको सन्दर्भ, र यूहन्नाले प्रार्थनाको कार्य र शक्तिको व्याख्या अर्थाउँदै छन्। हामीलाई देखाएर कि कुनै त्यस प्रकारको पाप तैपनि निकृष्ट पार्नु उनीहरुको कार्य हो प्रार्थना गर्ने कि आफ्नो भाईले क्षमा पाऊन्।

त्यहाँ स्पष्ट रुपमा तर एउटा पाप छ जो क्षमा योग्य छैन–" मृत्युमा पुऱ्याँउने पाप ।" यसप्रकारको विवरण नभएको त्यहाँ धेरै छन्, र तिनीहरुको सम्बन्धमा त्यहाँ विश्वासको प्रार्थना गर्ने प्रचुर क्षेत्र छन् ।

क्षमा योग्य नभएको पापलाई व्याख्या गर्नु सजिलो छैन, र हामीलाई यो जुनसुकै अवस्थामा निश्चितताका साथ निर्धारित गर्न असम्भव छ कि यो मानिसले पाप गरेको छ । तर त्यहाँ अरु थुप्रै पापहरु छन् जो मानिसहरुले गर्छन् र त्यसबाट उनीहरुले क्षमा पाउन्, स्वतन्त्र होऊन् र/वा चङ्गाई पाऊन् भनेर प्रार्थना गर्नु उचित छ ।

यो मलाई स्पष्ट छैन कि दोस्रो को "उहाँ" उद्रित गर्दै हुनुहुन्छ : जो प्रार्थना गर्दैछ वा येशू–उहाँले त्यसलाई जीवन दिनुहुनेछ । यो उसलाई उद्रित गरेको हुनुपर्छ जसले प्रार्थना चढाएको छ ; कि उसको प्रार्थना पाप गरेको भाईलाई जीवन दिने माध्यम हुनसकोस् ।

कत्ति विश्वासयोग्य र स्थिर हामी हुनुपर्छ आफ्ना पापमा परेका साथीहरु प्रति प्रार्थना गर्न, कि हामी उनीहरुको चङ्गाईको माध्यम बन्न सकौं । उनीहरुको लागि स्वर्गमा कस्तो रमाहट प्रतिक्षा गर्नेछ जसले उसको प्रर्थनाको प्रतिउत्तरको कारणले धेरैलाई नाश हुनबाट उद्धार भएको देख्नेछ ।

याकूब ५:१५–१६ र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नु पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ । (१६) यसकारण तिमीहरु एकले अर्कासँग आ–आफ्ना पाप स्वीकार गर ।तिमीहरु निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर । धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ ।

अगमवक्ताहरुको समयमा त्यहाँ हामी घटनाहरु पाउँछौं जसमा मानिसहरुको पाप यत्ति व्यापक र गम्भीर भयो कि उनीहरुलाई ती मानिसहरुको लागि प्रार्थना गर्न निषेध गरियो ।

- यशैया १४:११
- यशैया १५:१

यी अवस्थाहरुमा परमेश्वरले अगमवक्ताहरुलाई सिधै निर्देशन दिनुभएको थियो कि **मानिसहरुका लागि प्रार्थना नगर्नु** । हामीलाई नयाँ करारमा यस्तो प्रकारको निर्देशन छैन । र फेरि, हामी यो निश्चित हुन सक्दैनौं कि कसैले क्षमा नहुने पाप गरेको छ । त्यहाँ कोही छैन जसको निम्ति हामीले प्रार्थना गरेका छैनौं । त्यहाँ तिनीहरु हुनसक्छन् जो पापमा यत्ति टाढा गईसके कि त्यहाँ केही मात्र वा लगभग केही पनि आशाको ठाउँ छैन । उनीहरुले धर्मको, नैतिकताको, शिष्टताको नियन्त्रण सबै फालेको हुनुपर्छ ; उनीहरुले अभिभावक र साथीभाइहरुको सल्लाहको उपेक्षा गरेको हुनुपर्छ ; उनीहरु भोगविलासी, भ्रष्ट हुनुपर्छ ; उनीहरु नास्तिक र गिल्ला उड़ाउनेहरुको साथी हुनुपर्छ ; उनीहरुले सबाथलाई तिरस्कार गरेको हुनुपर्छ ; उनीहरु  धर्मका प्रध्यापक हुनुपर्छ ; र अहिले विश्वासको सु–समाचार अस्वीकार गरेको हुनुपर्छ, तरैपनि, जहाँ जीवन छ यो हाम्रो कर्तव्य हो कि उनीहरुको लागि प्रार्थना गर्नु ।

शायद परमेश्वरले तिनीहरुलाई **पश्चाताप** गर्ने, सत्यतालाई बुझ्ने मन दिनुहुनेछ, र तिनीहरु चेतना पाएर दियाबलसको पासोबाट उम्कनेछन्, जसले तिनीहरुलाई त्यसको इच्छाअनुसार चल्नलाई कैदी बनाएको छ ।२ तिमोथी २:२५–२६

"परमेश्वरमा सबै कुरा सम्भव छ ;" र उहाँले अपराधीहरुलाई अझ कडा पार्नुभएको छ, सायद हामीलाई थाहा भएको भन्दा पनि बढ्ता, र उहाँले प्रमाणित गर्नुभयो कि कुनै प्रकारको भ्रष्टता छैन जसले उहाँको शक्तिलाई जित्न सक्दैनँ । आऊनुहोस् हामी । कुनै अभिभावक निराश नहोऊन् जसको प्रशस्त छोरा छ ; कुनै श्रीमती प्रार्थना गर्न नरोकियोस् जसको नराम्रो लत लागेको श्रीमान् छ । कत्ति उडन्ते पुत्रहरु वृद्ध अभिभावकको हृदयलाई खुशीले भर्न फर्किआएका छन् । कत्ति नराम्रो लतमा लागेका श्रीमान्हरु आफ्नो श्रीमतीलाई फेरि युवाअवस्थाको खुशी दिन परिवर्तन भएका छन्, र आफ्नो दयनीय अवस्थामा पुगेको घरलाई फेरि स्वर्ग बनाएका छन् ।

(बारनेसको नोटबाट, इलोक्ट्रोनिक डाटाबेस । कपिराईट (सि) १९९७ बाई बाइबलसफ्ट)

यो पनि सम्भावीय छ कि यूहन्नाले हननिया र सफीरालाई जे भएको देखेका थिए त्यसको उद्रित गर्दैछन् प्रेरित ५:१–५ मा । तर हननिया नाउँका कोही एक जना र तिनकी पत्नी सफीराले एक टुक्रा जमिन बेचे, र त्यसको मोलबाट तिनकी पत्नीकै जानकारीमा केही हिस्सा आफूँसँग राखे, र केही हिस्सा ल्याएर प्रेरितहरुका चरणमा राखिदिए । तर पत्रुसले भने,"ए हननीया, **पवित्र आत्मासँग झूट बोल्ने** र जमिनको बिक्रिको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा **शैतानले** कसरी तिम्रो मनमा भरिदियो ? त्यो बिक्री नभइञ्जेल के त्यो तिम्रो आफ्नै थिएन ? र त्यो बिक्री भएपछ पनि त्यो तिम्रै अधिकारमा थिएन र ? यस्तो काम गर्ने विचार तिम्रो हृदयमा कसरी आयो ?**तिमीले मानिसहरुलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ** ।" यो कुरा सुनेर **हननिया भुइँमा लड़े र तिनले प्राण त्यागे** । यो सुन्ने सबैमाथि ठूलो डर छायो ।

म निश्चित छु कि यसले यूहन्ना र सबै चेलाहरुमा बलियो छाप छोड्यो, जो उनीहरुले कहिल्यै बिर्सेनन् । यूहन्ना यो **मृत्युमा पुऱ्याउँने पाप** सम्झन्छन्–(यसबाट हामी **शाररीक मृत्युको**निस्कर्श निकाल्न सक्छौं नताकि **अनन्तको**) र यूहन्नाले यो थाहा पाए कि यस्तो अवस्थामा क्षमा र जीवनको प्रार्थना वा बिन्ति चढ़ाउनुको केही लाभ छैन ।

विश्वासीको**अचानक भएको शाररीक मृत्यु** पनि "**मृत्युमा पुऱ्याउँने पाप"** हो भनी म विश्वास गर्छु– परमेश्वरले पृथ्वीमा उसको जीवन आकस्मिक रुपमा अन्त्य गर्नुभयो र घर बोलाउँनुभयो–दुखदायी पापहरुले गर्दा जो परमेश्वर त्यस पापको गम्भीरता हामी सबैमा उजागर गर्न चाहनुहुन्छ ।

१ यूहन्ना ५:१६ मा यूहन्नाले भनेका छन् :
"जसको निम्ति कसैले बिन्ती गरिदिनुपर्छ भनी म भन्दिनँ ।"

म विश्वास गर्छु कि यूहन्नाले यो भन्दै हुनुहुन्छ :त्यस पापको निम्ति प्रार्थना गर्नु जरुरत छैन किनकि त्यसको निम्ति क्षेमा दिइँनेछैन । परमेश्वरले उनीहरुलाई घर बोलाउँनुभयो । पृथ्वीमा उनीहरुको समय समाप्त भयो ।

हननिया र सफीरालाई जे भएको थियो त्यो देखेर यो यूहन्नाको तार्किक निष्कर्ष हुनसक्छ। उनले हामीलाई प्रार्थना नगर्नु भनीरहेका छैनन्, तर त्यो प्रार्थना मात्र जसको केही लाभ छैन।

**मृत्युमा पुर्‍याँउने पाप**लाई व्याख्या गर्नु सजिलो छैन, र यो हामीलाई कुनै पनि अवस्थामा निर्धारित गर्न असम्भव छ –निश्चितताका साथ–कि त्यो मानिसले पाप गरेको छ। तर त्यहाँ थुप्रै प्रकारका पापहरु छन् जो मानिसहरुले गर्छन्, र त्यसका लागि उनीहरुले क्षमा पाऊन् भनेर प्रार्थना गर्नु उचित छ। तसर्थ, म यो विश्वास गर्छु कि हामीले सुरक्षित रुपमा सबैको निम्ति प्रार्थना गर्नसक्छौं।

**पुरानो कराराले हामीलाई शाररीक मृत्युसम्मै पुर्‍याउँने पापको बारे उदाहरण दिएको छ :**

गन्ती १६:३१–३८तिनले यी सबै कुरा भनिसकेका मात्र थिए, उनीहरुमुनिको **धरतीफाटयो**। (३२) अनि धरतीले आफ्नो मुख बाएर उनीहरु र उनीहरुका घरानाहरु–कोरहततर्फका सबै मानिसहरु–उनीहरुका मालतालसमेतलाई**निलिहाल्यो**। (३३) आफ्ना सबै कुरासमेत उनीहरु जिउँदै चिहानमा पुरिए। धरती उनीहरुमाथि बन्द भयो, र समुदायको बीचबाट **उनीहरु नष्ट भए**। (३४) उनीहरु चिच्च्याएका सुनेर वरिपरिका सबै इस्त्राएलीहरुले भाग्दै यसो भन्न लागे,“हामीलाई पनि धरतीले अब निल्छ होला।” (३५) अनि परमप्रभुकहाँबाट आगो निस्केर धूप चढ़ाउने ती दुई सय पचास जनालाई भस्म पार्‍यो। (३६) परमप्रभुले मोशालाई भन्नुभयो, (३७) “हारुन पूजाहारीको छोरा एलाजारलाई जलिरहेको ज्वालाबाट धुपौराहरु निकाल्न र फिलिङ्गा निकै टाढ़ा लगेर छरिदिनलाई अह्रा। किनभने ती धुपौराहरु पवित्र छन्–(३८) ती आफ्नै प्राणको हानि गरुञ्जेल पाप गर्नेहरुका धुपौराहरु। ती धुपौराहरुबाट वेदी मोर्होने पाताहरु पिटेर बनाउनू, किनभने ती परमप्रभुको साम्‌ चढ़ाएका हुनाले पवित्र छन्। ती पाताहरुचाहिँ इस्त्राएलहरुका निम्ति चिन्ह होऊन्।”

**सिओल**(स्ट्रङ्ग कोनकोरडान्स #७५८५): पाताललोक वा मरेकाहरुको संसार( )केजेभी–चिहान,नर्क, खाल्डो। यो कुरा स्पष्ट रुपमा बुझिएको छैन कि यो कहाँ छ वा यसले के भन्न खोज्दैछ।

उदाहरण :

हारुन गन्ती २०:२४
“हारुन आफ्ना **पुर्खाहरुकहाँ गएर मिल्नेछ**। तिमीहरु दुवै मेरीबाका पानीमा मेरो वचनको **विरुद्धमा गएका हुनाले**, मैले इस्त्राएलीहरुलाई दिने देशमा त्यो पस्न पाउनेछैन।....(२८) मोशाले हारुनको पोशाक फुकालेर तिनको छोरा एलाजारलाई लगाइदिए, र त्यहीँ नै पर्वतको टाकुरामा हारुनको देहान्त भयो। तब मोशा र एलाजार पर्वतबाटतल ओर्ले।

**मोशा व्यवस्था ३२:४८–५२**
परमप्रभुले त्यही दिन मोशालाई यसो भन्नुभयो, (४९) “यरीहको साम्‌ मोआब देशमा भएको अबारीम पहाड़को नेबो डाँड़ामाथि उक्लेर जा, र मैले इस्त्राएलीहरुको अधिकारमा दिने कनान देशलाई हेर्। (५०) अनि जसरी तेरा दाजु हारुन होर **पर्वतमा मर्‍यो** अनि मरिगएका आफन्तहरुकहाँ गयो, त्यसरी तँ उक्लेर जाने त्यस पर्वतमा मर्नेछस् र मरिगएका **तेरा आफन्तहरुकहाँ जानेछस्**। (५१)**किनभने तिमीहरु दुवैले**

जीनको उजाड़–स्थानको मेरीबा–कादेशका पानीमा इस्त्राएलीहरुका बीचमा **मलाई विश्वासघात गर्‍यौ**, किनकि तिमीहरुले इस्त्राएलीहरुका बीचमा **मेरो पवित्रताको कदर गरेनौ** । (५२) त्यसैकारण मैले इस्त्राएलीहरुलाई दिने त्यस देशलाई तैंले टाढ़ैबाट मात्र देख्नेछस्, तर त्यहाँ तँ जान पाउनेछैनस् ।"

यी सबै पहिलो पटक भएको थियो, कि : पहिलो पटक यसप्रकारको पाप परमेश्वरका मानिसहरुले गरेका थिए, जसै गरि हननिया र सफीराले गरेका थिए ।

जो उनीहरुलाई भएको थियो त्यो हामी सबैलाई छाप छोड्नु थियो कि परमेश्वरले कसरी हाम्रो पाप र त्यसको गम्भीरता हेर्नुहुन्छ ।

१ कोरन्थी १०:१–१३भाइ हो, तिमीहरुले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरु सब बादलमुनि थिए, र सबै समुद्रको बीचबाट भएर गए । (२) अनि मोशामा तिनीहरु सबैले बादल र समुद्रमा बप्तिसमा पाएका थिए । (३) सबैले एउटै आत्मिक भोजन खाए । (४) सबैले आत्मिक पानी पिए, किनकि तिनीहरुका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरुले पिए र त्यो चट्टानचाहिँ खीष्ट नै हुनुहुन्थ्यो ।

( सबै परमेश्वरको रगतद्वारा छुटकारा पाएका मानिसहरु थिए ।उहाँका मानिसहरु । )

(५) तापनि तिनीहरुमध्ये धेरैजसोसँग परमेश्वर **प्रसन्न हुनुभएन**, र तिनीहरु मरभूमिमा **नष्ट भए** ।

एफिशसमा भएका विश्वासीहरुलाई पावलले भनेका छन् (५:१०):प्रभुलाई**मनपर्ने** के हो सो सिक्ने कोसिस गर ।
कलस्सीमा भएका विश्वासीहरुलाई पावलले भनेका छन् (१:१०): उहाँलाई  पूर्ण रुपले **प्रसन्न पार्ने** प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैजान सक ।
हामी सबै, विश्वासीको नाताले, हामीले जे गर्छौं त्यसबाट परमेश्वरलाई प्रसन्न वा अप्रसन्न पार्छौं । त्यसैले, १ कोरन्थी १०:५ले भन्छ "परमेश्वर **प्रसन्न हुनुभएन ।**" यसको अर्थ यो होइन कि उनीहरुलाई अधिकारबाट बन्चित गरियो वा नरकमा हालियो ।

निरन्तर १ कोरन्थी १०:६
(६) उनीहरुले जस्तै हामीले खराबीको इच्छा नगरौं भनी यी कुरा हाम्रो चेताउनीको लागि हुन् । (७) तिनीहरुमध्ये कतिभैँ तिमीहरु मूर्तिपूजक नहोओ । जस्तो लेखिएको छ, "मानिसहरु खान र पिउनलाई बसे, अनि नाच्नलाई उठे ।"(८) हामी व्यभिचारमा फस्नुहुँदैन, जसरी तिनीहरुमध्ये कति जना फसे, र **एकै दिनमा** तेईस हजार **मरेका थिए** । (९) हामीले प्रभुको परिक्षा गर्नुहुँदैन, जसरी तिनीहरुमध्ये कतिले गरे, र **सर्पहरुद्वारा नष्ट भएका थिए** । (१०) हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरुमध्ये कतिले गरे, र **विनाशकबाट नष्ट भए** । (११) यी कुराहरु तिनीहरुलाई **उदाहरण**को रुपमा भएथे र हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युग–युगको अन्त्य आइसकेको छ । (१२) यसकारण जसले खड़ा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ ।

माथिका उदाहरणमा परमेश्वरका मानिसहरुलाई जे भएको छ ती सबै असाधारण उदाहरणहरु हुन्, जो हामीलाई दिईएको छ, जसमा पापको गम्भीर प्रतिफल बारे हामीलाई गहिरो ध्यानकर्षण गराईएको छ । माथिका जस्तै असाधारण अवस्थामा मात्र हाम्रो प्रार्थनाहरुको केही उपलब्धी हुँदैन वा केही लाभ हुँदैन ।